# शिखर इन्स्योरेन्स कम्पनी लि.

पन्ध्रौं तथा सोह्रौं

वार्षिक साधारण सभा

को

निर्णय

शिखर बिज सेन्टर, थापाथली, काठमाडौं, नेपाल ।

फोन नं. ४२४६१०१, फ्याक्स नं. ९७७-१-४२४६१०३

पोष्ट बक्स नं. १०६९२,

# शिखर इन्स्योरेन्स कम्पनी लि.

## पन्ध्रौं तथा सोह्रौं वार्षिक साधारण सभाको

## निर्णय विवरण

**१. वैधानिक सभा :**

शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडको पन्ध्रौं तथा सोह्रौ वार्षिक साधारण सभा कम्पनीको संचालक समितिका अध्यक्ष श्री राजेन्द्र प्रसाद श्रेष्ठज्यूको अध्यक्षतामा कम्पनीको केन्द्रिय कार्यालय भवन, शिखर बिज सेन्टर, थापाथलीमा मिति २०७७ चैत्र ९ गते सोमबार विहान ११:०० बजे प्रारम्भ भई दिउँसो २:३० बजे सम्पन्न भयो ।

**२. सूचना प्रकाशन :**

सभा हुने मिति, स्थान, समय र छलफल गर्ने प्रस्तावहरु शेयरधनी महानुभावहरुको जानकारीको लागि मिति २०७७ चैत्र ९ गते अगावै संचालक समितिको वार्षिक प्रतिवेदन, आ.व. २०७५/०७६ तथा आ.व.२०७६।७७ को लेखापरीक्षण प्रतिवेदन सहितको वित्तीय विवरणहरु शेयरधनी महानुभावहरुले कम्पनीमा उपलब्ध गराउनु भएको ठेगानामा पठाइएको र मिति २०७७ फाल्गुन १६ गते र २०७७ फाल्गुन १७ गते नागरिक राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरी जानकारी समेत गराइएको थियो ।

**३. (क) संचालकहरुको उपस्थिति :**

| | |
|---|---|
| १. श्री राजेन्द्र प्रसाद श्रेष्ठ | अध्यक्ष |
| २. वुद्ध एयर प्रा.लि.को तर्फबाट श्री रमेश कुमार लुईंटेल | संचालक |
| ३. श्री सौरभ ज.ब.राणा | संचालक |
| ४. डा. श्रुजना श्रेष्ठ | संचालक |
| ५. श्री दिनेश बज्र बज्राचार्य | संचालक |
| ६. श्री स्कन्द अमात्य | संचालक |
| ७. श्री सिद्धिमान बस्न्यात | स्वतन्त्र संचालक |

(ख) पर्यवेक्षक :

१. श्री दिवाकर शर्मा - कम्पनी रजिष्ट्रारको कार्यालय

२. श्री कमल प्रसाद निरौला, कम्पनी रजिष्ट्रारको कार्यालय

४. छलफलका विषयहरुको सूची :

छलफलका विषयहरु:

१ सामान्य प्रस्ताव

१.१ आ.व.२०७५।७६ तथा आ.व.२०७६।७७ को संचालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरी सोलाई पारित गर्ने बारे ।

१.२ आ.व. २०७५।७६ र आ.व.२०७६।७७ को लेखापरीक्षण प्रतिवेदन सहितको वित्तीय विवरणहरु उपर छलफल गरी सो लाई पारित गर्ने बारे ।

१.३ आ.व.२०७७।७८ का लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा पारिश्रमिक तोक्ने बारे । आ.व.२०७६।७७ को लेखापरीक्षकको नियुक्ति अनुमोदन गर्ने बारे ।

१.४ संचालक समितिवाट प्रस्ताव गरिएको २०७७ आषाढ मसान्त सम्म कायम शेयर पुँजीमा १.९ प्रतिशत (आ.व. २०७७।७८ मा बाँडफाँड गरिएको हकप्रद शेयर पश्चात कायम हुने शेयर पुँजीमा १.४६२ प्रतिशत हुने) का दरले नगद लाभांश रु.२०,०८८,९०१ (रु.दुई करोड अठासी हजार नौ सय एक मात्र) पारित गर्ने बारे (प्रस्तावित वोनस शेयरको कर प्रायोजनार्थ)

१.५ कम्पनीको सर्वसाधारण समुहको संचालकहरुको पदावधी वार्षिक साधारण सभा अघि नै व्यतित भएको कारण कम्पनीको बार्षिक साधारण सभासम्मका लागि पदावधी थप गर्ने सम्वन्धमा संचालक समितिको निर्णयहरु अनुमोदन गर्ने बारे ।

१.६ सर्वसाधारण शेयरधनी समुह "ख" का शेयरधनीवाट निर्वाचित हुने २ (दुई) संचालकका लागि वीमकको संस्थागत सुशासन सम्वन्धी निर्देशिका, २०७५ को अधिनमा रही कम्पनीको संचालक निर्वाचन सम्वन्धी निर्देशिका २०६३ बमोजिम निर्वाचन गर्ने बारे ।

१.७ विविध

२ विशेष प्रस्ताव

२.१ सञ्चालक समितिबाट प्रस्ताव गरिएको २०७७ आषाढ मसान्त सम्म कायम शेयर पुँजीमा ३६.१ प्रतिशत (आ.व.२०७७।७८ मा बाँडफाँड गरिएको हकप्रद शेयर पश्चात कायम हुने शेयर पुँजीमा २७.७६९ प्रतिशत हुने) का दरले रु.३८१,६८९,१२७ (अठतीस करोड सोह्र लाख उनननब्बे हजार एक सय सत्ताइस मात्र) को बोनस शेयर पारित गर्ने बारे । (बोनस शेयर बितरण गर्दा खण्डित शेयरको हकमा माथिल्लो नजिकको अंकमा परिणत गर्ने र सो गर्दा शेयर स्वामित्व (पुँजी

प्रतिशत) कायम राख्ने गरी जारी पुंजी तथा चुक्ता पुंजी संसोधन गर्ने । यसरी शेयर संख्या थपघट गर्ने अधिकार संचालक समितिलाई दिने बारे।)

२.२ कम्पनीको अधिकृत पुंजी वृद्धि गरी रु.४,०००,०००,००० (रु.चार अर्व) पुऱ्याउने बारे । सोहि बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन गर्ने बारे ।

२.३ प्रस्तावित बोनस शेयर पश्चात कायम हुने कम्पनीको चुक्ता पुंजीमा संस्थापक शेयरधनीको हिस्सा ६० प्रतिशतबाट ५१ प्रतिशत र सर्वसाधारण शेयरधनीको हिस्सा ४० प्रतिशतबाट ४९ प्रतिशत पुऱ्याई संस्थापक शेयर तथा सर्वसाधारण शेयरको अनुपात ५१:४९ कायम गर्ने बारे । सोहि बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन गर्ने बारे ।

२.४ प्रस्तावित बोनस शेयर पश्चात कायम हुने कम्पनीको चुक्ता पूँजीको ३० (तीस) प्रतिशत हकप्रद शेयर जारी गर्ने बारे । सोहि बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन गर्ने बारे ।

२.५ कम्पनीको संचालक समितिको निर्णय बमोजिमको चन्दा तथा सामाजिक उत्तरदायित्व अन्तर्गतका खर्चहरु अनुमोदन गर्ने बारे ।

२.६ प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र सो कार्य सम्पन्न गर्न संचालक समितिलाई आवश्यक सम्पूर्ण अधिकार प्रत्यायोजन गर्ने बारे । संसोधित प्रवन्धपत्र तथा नियमावली अभिलेख वा स्वीकृत गर्ने निकायबाट कुनै फेरबदल गर्न निर्देशन प्राप्त भएमा सो अनुसार फेरबदल गर्न संचालक समितिलाई पुर्ण अख्तियारी प्रदान गर्ने बारे ।

## ५. सभाको गणपुरक संख्या :

| विवरण | कुल संख्या | उपस्थित संख्या | प्रतिनिधित्व प्रतिशत(%) |
|---|---|---|---|
| शेयरधनी संख्या | २०,१५७ | ३१७ | |
| शेयर संख्या | १३,७४५,०३७ | ७,८६८,५३९ | ५७.२४ |

## ६. सभाको वैधानिकता र अध्यक्षता :

साधारण सभाको कार्यवाही शुरु हुनु अघि कम्पनी सचिव श्री सुरज राजवाहकले उपस्थित शेयरधनी महानुभावहरुलाई स्वागत गर्नु हुँदै कम्पनी ऐन, २०६३ दफा ७३ तथा कम्पनीको नियमावली बमोजिम प्रक्रिया पुरा गरी सभा बोलाइएको र यो सभा संचालन गर्न आवश्यक गणपुरक संख्या पुरा भै सभाको वैधानिकता कायम भएको घोषणा गर्नु हुँदै संचालक समितिका अध्यक्ष श्री राजेन्द्र प्रसाद श्रेष्ठज्यूलाई सभाको अध्यक्षता ग्रहण गरी सभा संचालनको लागि आग्रह गर्नुभयो ।

७. सभाको संचालन तथा प्रतिवेदन प्रस्तुती :

पन्ध्रौं तथा सोह्रौं वार्षिक साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरु तथा आमन्त्रित महानुभावहरुलाई अध्यक्ष श्री राजेन्द्र प्रसाद श्रेष्ठले स्वागत गर्नुभयो ।

साधारणसभाको सुरुवातमा कम्पनीको विगतका वर्षहरुको कार्य प्रगतिको समिक्षा तथा आउँदा दिनहरुको योजनाहरुको सम्वन्धमा शेयरधनी महानुभावहरुलाई जानकारी दिनको लागि कम्पनीका प्रमुख कार्यकारी अधिकृतलाई अध्यक्षज्यूले अनुरोध गर्नुभयो ।

कम्पनीको कार्यप्रगति सम्बन्धि विवरण तथा कम्पनीको विभिन्न योजनाहरु सम्बन्धमा प्रमुख कार्यकारी अधिकृत दिप प्रकाश पाण्डेले निम्नानुसारको जानकारी सभामा प्रस्तुत गर्नु भयो -

- प्रमुख कार्यकारी अधिकृतबाट सर्वप्रथम कम्पनीको वार्षिक साधारण सभा सम्पन्न गर्नमा भएको ढिलाईका कारणहरु सम्बन्धमा शेयरधनी महानुभावहरुमा जानकारी गराउनुभयो ।
- कम्पनीले आफ्नो स्थापनाकालदेखि १६ वर्षको समयमा बीमाशुल्क, दावी भुक्तानी, नेटवर्थ तथा लगानी लगायत अन्य वित्तीय सचुकांकको तुलनात्मक विवरण सभामा प्रस्तुत गर्नुभयो । साथै, कम्पनीको व्यवसायमा विस्तार भएतापनि नेपाल पुनर्बीमा कम्पनीमा प्रदान गर्नुपर्ने डाइरेक्ट सेसनका कारण तथा २०७५ माघबाट अग्नि बीमा अन्तर्गत बाढी, पहिरो, हावाहुरी लगायतका प्राकृतिक जोखिमको अनिवार्य बीमा गर्नुपर्ने व्यवस्थाका कारण अग्नि बीमा अन्तर्गतको दावी बढेको कारण कम्पनीको खुद नाफा प्रभावित भएको बारे समेत जानकारी गराउनुभयो ।
- कम्पनीको स्थापनाकालदेखि हालसम्म कम्पनीले प्रदान गरेको बोनस शेयर तथा लाभांसको बारेमा जानकारी गराउनुभयो ।
- कम्पनीको कुल लगानी तथा लगानी गरिएको क्षेत्रहरुका सम्वन्धमा जानकारी गराउनुभयो ।
- कम्पनीले विगत आर्थिक वर्षहरुमा हासिल गरेको अन्य उपलब्धिहरु, सम्मान तथा पुरस्कारहरुका सम्वन्धमा जानकारी गराउनुभयो ।
- निर्जिवन बीमाको हरेक क्षेत्रहरु जस्तै शाखा संजाल, मानव संसाधन, बीमा शुल्क तथा बीमा लेख संख्यामा कम्पनी अग्रणी स्थानमा रहेको सम्वन्धमा जानकारी गराउनुभयो । साथै यस कम्पनीले लघु बीमाको पुल व्यवस्थापकका रुपमा तथा कोरोना बीमाको पुल व्यवस्थापकका रुपमा कार्य गर्दै बीमा क्षेत्रमा पुऱ्याएको योगदानका सम्वन्धमा जानकारी गराउनुभयो ।
- कम्पनीले नेपाली बीमा क्षेत्रमा थुप्रै नयाँ बीमालेखहरु जस्तै स्वास्थ्य बीमा, मोटर अतिरिक्त लाभ बीमा, मौसमी सुचकांकमा आधारित कृषि बीमाको थालनी गरी नेपालको अर्थतन्त्र सुहाँउदो बीमालेखहरुको मार्फत नेपाली जनतामा बीमा सेवा प्रदान गर्दै आएको जानकारी गराउनुभयो ।
- कम्पनीले आफुले धारण गरेको जोखिमको आधारमा उपयुक्त पुनर्बीमा नीति अवलम्बन गरी पुनर्बीमा व्यवस्थापन गर्दै आएको जानकारी गराउनुभयो । कम्पनीलाई महाविपत्ति जोखिमबाट सुरक्षित राख्न रु.८०० करोडको महाविपत्ति जोखिम पुनर्बीमा व्यवस्था खरिद गरिएको जानकारी गराउनुभयो । महाविपत्ति पुनर्बीमा बापत कम्पनीलाई थप भार परेता पनि यसले ढुक्कसाथ कम्पनीको व्यवसाय विस्तार गर्न मद्दत गर्ने जानकारी गराउनुभयो । यसका साथै कम्पनीले अवलम्बन गरेको अन्य पुनर्बीमा नीतिका सम्वन्धमा सभामा जानकारी गराउनुभयो ।

- विश्वव्यापि रुपमा फैलिएको कोरोनाभाइरस सक्रमणको कारण यस कम्पनीका साथै समग्र बीमा क्षेत्रमा परेको असरका बारेमा जानकारी गराउनुभयो । साथै कोरोनाभाइरस बीमाले कम्पनीको वित्तीय अवस्थामा पार्ने प्रभावका बारेमा समेत प्रकास पार्दै कोरोना बीमाको कारण कम्पनीको वित्तीय अवस्थामा सारभुत असर नपर्ने बारे सभामा जानकारी गराउनुभयो ।
- कम्पनीका विद्यमान अवसर तथा चुनौतीहरु सम्बन्धमा विस्तृत जानकारी गराउनुभई कम्पनीको थप व्यवसायिक विकासको लागि अवलम्बन गरिने योजनाहरुका सम्बन्धमा सभामा जानकारी गराउनुभयो ।
- कम्पनीको व्यवस्थापन खर्च अन्तर्गतको विभिन्न शिर्षकहरुमा भएको वृद्धिको बारेमा सभामा जानकारी गराउनुभयो ।
- कम्पनीले यस वार्षिक साधारण सभामा ३० प्रतिशत हकप्रद शेयरको प्रस्ताव गर्नुको कारणहरु तथा हकप्रद शेयर पश्चात कम्पनीलाई प्राप्त हुने लाभ सम्बन्धमा जानकारी गराउनुभयो ।
- कम्पनीले गरेका चन्दा तथा सामाजिक उत्तरदायित्व अन्तर्गतका खर्चहरु सम्बन्धमा जानकारी गराउनुभयो ।

## ८. संचालक समितिको तर्फबाट अध्यक्षको मन्तव्य

प्रमुख कार्यकारी अधिकृतबाट विगत आर्थिक वर्षहरुको समिक्षा तथा कम्पनीका अन्य सान्दर्भिक विषयहरुका बारेमा दिनुभएको प्रस्तुतिका लागि धन्यवाद ज्ञापन गर्नुभई सभाका सभापतिज्युबाट आफ्नो मन्तव्य प्रस्तुत गर्नुभयो ।

## ९. छलफलको लागि आह्वान :

सभाका सभापतिज्यूले आ.व.२०७५।०७६ तथा आ.व.२०७६।७७ को संचालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरणहरु तथा विविध पक्षहरु उपर प्रश्न जिज्ञासा, प्रतिक्रिया, मन्तव्य एवं सुझाव दिनको लागि शेयरधनी महानुभावहरुलाई आह्वान गर्नुभएपछि निम्न बमोजिमका शेयरधनी महानुभावहरुले आ-आफ्नो राय सुझाव एवं प्रश्नहरु सभामा प्रस्तुत गर्नुभयो ।

क. श्री अमृत नाथ रेग्मी

ख. श्री अशोक उप्रेति

ग. श्री कुवेर श्रेष्ठ

घ. श्री लव राज जोशी

ङ. श्री शत्रुधन श्रेष्ठ

च. श्री गुणराज भट्ट

छ. श्री उद्धव प्रसाद घिमिरे

ज. श्री डमरु वल्लव घिमिरे

झ. श्री रोजकुमार श्रेष्ठ

ञ. श्रीमती राधा पोखरेल

ट. श्री नवराज घिमिरे

ठ. श्री रामगोपाल महजन

ड. श्री नरसिंहलाल चखु (लिखित मन्तव्य)

१०. शेयरधनीहरुबाट सभामा प्रस्तुत भएका राय सुझाव एवं प्रश्नहरु :

श्री अमृत नाथ रेग्मी

- शिखर इन्स्योरेन्स विगत पन्ध्र, सोह्र बर्ष देखि निर्जिवन बीमा क्षेत्रमा माथिल्लो स्थान हासिल गर्न सफल भएकोमा रेकर्ड अफ एप्रिसियसन पेश गर्दै सो लाई रेकर्ड गर्न अनुरोध गर्नुभयो ।
- कम्पनीको चुक्ता पुंजीको साथ साथै कम्पनीको जनरल रिजर्भ नबढीकन बजार पुंजीकरण नबढ्ने कारण कम्पनीको जनरल रिर्जभ बढाउनुपर्ने धारण व्यक्त गर्नुभयो । जनरल रिजर्भ बढेकै कारण शेयरको बजार मुल्य धेरै भएको कम्पनीहरुको उदाहरण दिनुभई पुंजी भन्दा पनि जनरल रिजर्भ बढाउन सुझाव दिनुभयो । जनरल रिजर्भ नबढाई पुंजी मात्र बढाउँदा इपिएस घट्ने कारण जनरल रिजर्भ बढाउन सुझाव दिनुभयो ।
- जनरल रिजर्भ बढाउनको लागि इन्भेष्टमेन्ट सेमिनार संचालन गर्ने र इन्भेष्टमेन्ट सेमिनारमा जनरल रिजर्भ बढाउने रणनीतिको सम्बन्धमा छलफल गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।
- सबै शेयरधनीहरुले आफुले पाउने हकप्रद शेयरमध्ये केहि प्रतिशत हकप्रद शेयर खरिद नगरी कम्पनीमै छोड्ने र सो शेयर कम्पनीले टेन्डरबाट विकी गरी प्राप्त हुने थप रकमलाई जनरल रिजर्भमै कायम गर्न सके पनि जनरल रिजर्भ बढ्ने धारणा व्यक्त गर्नुभयो ।
- कम्पनीको प्रगतिमा कर्मचारीहरुको उल्लेख्य योगदान रहने भएकोले कर्मचारीहरुलाई तलब तथा बोनसका अलावा अन्तराष्ट्रिय प्रचलनमा रहेको अप्सन शेयर सुविधा समेत उपलब्ध गराउनुपर्ने धारणा व्यक्त गर्नुभयो ।
- प्रादेशिक रुपमा कार्यालयहरुको स्थापना गर्ने बेला भइसकेकोमा जोड गर्नुहुँदै प्रदेशहरुमा समेत आफ्नै भवनको व्यवस्था गरी आफ्नै अफिस स्थापना गर्न अनुरोध गर्नुभयो ।
- भर्खरै एक बैंकले काठमाण्डौको राम्रो क्षेत्रमा गरेको जग्गाको लिलामीमा कम्पनीले सहभागि भई जग्गा खरिद गर्न सुझाव दिनुभयो ।
- मर्जर सम्बन्धि समेत समयमै निर्णय गर्न सुझाव दिनुभयो ।
- अन्तराष्ट्रिय क्षेत्रमा ठूला ठूला कर्पोरेट हाउसहरुमा प्रमुख कार्यकारी अधिकृतको साथै कार्यकारी निर्देशक पनि रहने भएकोले कार्यकारी निर्देशकको अवधारणामा ल्याउन समेत सुझाव दिनुभयो ।
- शेयरधनीलाई Group Insurance को व्यवस्था गर्नको लागी अनुरोध गर्नुभयो ।

- अन्तराष्ट्रिय अनुभवको लागि अन्तराष्ट्रिय स्तरको तालिमको लागी राम्रो कर्मचारी छनौट गरी हरेक वर्ष तालिममा सहभागि गराउनुपर्ने धारणा व्यक्त गर्नुभयो ।
- अध्यक्षको प्रतिवेदनमा संचालकको नाम तथा मिति छुटेको प्रति ध्यानआकर्षण गराउनुभयो ।
- प्रत्येक वर्ष वार्षिक सधारण सभा सम्पन्न गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

**श्री अशोक उप्रती**

- शिखर इन्स्योरेन्स नाममा मात्र शिखर नभई काममा समेत शिखर रहन सकेकोमा शेयरधनीहरु गैरवान्वित भएको धारणा व्यक्त गर्नुभयो । यसका लागि कम्पनीको संचालक समिति तथा प्रमुख कार्यकारी अधिकृतलाइ हार्दिक बधाई तथा धन्यवाद ज्ञापन गर्नुभयो ।
- कम्पनीले राम्रो प्रमुख कार्यकारी अधिकृत पाएकोमा गर्व महसुस भएको धारणा व्यक्त गर्नुभयो । यस कम्पनीका प्रमुख कार्यकारी अधिकृत नेपालको बीमा क्षेत्रकै एक सम्पत्तिका रुपमा रहेको धारणा व्यक्त गर्नुभयो ।
- नेपालको अर्थतन्त्रलाई विकास गर्ने कृषि क्षेत्रमात्र भएको र कृषि क्षेत्रको थप विकास गर्नको लागि बीमा क्षेत्रको योगदान रहने कुरा कम्पनीका प्रमुख कार्यकारी अधिकृतको सोच रहेकोमा धन्यवाद ज्ञापन गर्नुभयो ।
- नेपालमा थुप्रै संख्यामा रहेको सहकारी संस्थाहरुलाई बीमाको विकासको लागि परिचालन गर्न सकिने धारणा व्यक्त गर्नुभई सो बारेमा समेत योजना बनाउन आग्रह गर्नुभयो ।
- संचालक समितिलाई म्यानेजिङ डाइरेक्टर समेत नियुक्ति गरि अघि बढन तथा डेप्युटि सिइयो समेत नियुक्ति गर्न सुझाव प्रदान गर्नुभयो ।

**श्री कुबेर श्रेष्ठ**

- कम्पनीको स्थापनाकालमा लगानी गर्ने शेयरधनीको शेयरको रकम कयौं गुणा बृद्धि भएको बारे प्रमुख कार्यकारी अधिकृतबाट प्राप्त जानकारीमा खुसी व्यक्त गर्नुभयो ।
- शिखर इन्स्योरेन्सले नियमित रुपमा राम्रो लाभांस प्रदान गर्दै आएकोले शिखर इन्स्योरेन्स उत्कृष्ट इन्स्योरेन्स कम्पनीका रुपमा बजारमा चिनिएको धारणा व्यक्त गर्नुभयो ।
- शेयरधनीहरुमा कम्पनी तथा कम्पनीको व्यवस्थापनमा संलग्न कर्मचारीहरु प्रति विश्वास रहेको धारणा व्यक्त गर्नुभयो ।
- कम्पनीका युवा संचालकहरुले अन्तराष्ट्रिय अभ्यासको अनुकरण गरी कम्पनीको विकासमा योगदान पुऱ्याउनुपर्ने कुरामा जोड दिनुभयो । कम्पनीमा महिला संचालक रहेकोमा समेत धन्यवाद ज्ञापन गर्नुभयो ।
- कम्पनीका कर्मचारीहरुले साधारण सभामा राष्ट्रिय पोशाक पहिरेकोमा धन्यबाद ज्ञापन गर्नुभयो ।
- कम्पनीले सरकारलाई वार्षिक रु.७५ करोड भन्दा बढी कर तिरेकोमा धन्यबाद दिनुभई कर तिरेबापत नेपाल सरकारबाट न्युन सुविधा प्राप्त हुने कुरामा नेपाल सरकारको ध्यानआकर्षण गर्नुभयो ।
- इन्जिनियरिङ बीमामा ५८ प्रतिशतको व्यवसाय ह्रास भएकोमा जिज्ञासा पेश गर्नुभयो ।

- चन्दा तथा सामाजिक उत्तरदायित्वको खर्च अन्तर्गत स्थापित अस्पताल तथा संस्थाहरुमा नभई विकट क्षेत्र तथा आवश्यक रहेको क्षेत्रमा खर्च गर्न सुझाव दिनुभयो ।
- आगामी वर्ष बीमालेखको संख्या वृद्धि गरी ४ लाख ५० हजार बीमालेख जारी गर्नुपर्नेमा सुझाव दिनुभयो । साथै बीमाशुल्क कम्तीमा रु.४ अर्ब पुग्नेमा शेयरधनीहरु आशाबादी रहेको धारणा व्यक्त गर्नुभयो ।
- नयाँ कम्पनीहरुसंग मर्जर नगर्न सुझाव दिनुभयो । नयाँ कम्पनीसंग मर्जर गरेमा शेयरधनीहरु सन्तुष्ट नहुने धारणा व्यक्त गर्नुभयो ।
- आगामी वर्ष कम्तीमा १५ देखि २० प्रतिशत बोनस शेयर प्रदान गर्नुपर्ने सुझाव दिनुभयो ।
- बीमा गरेपश्चात सहजै बीमा दाबी पाइन्छ भन्ने सन्देस जनतासम्म पुऱ्याउन अनुरोध गर्नुभयो ।
- यस कम्पनीका प्रमुख कार्यकारी अधिकृत एक राम्रो कमाण्डरका रुपमा रहेको र कम्पनीका कर्मचारीहरुको आपसी सहयोग, समन्वय हुनुपर्ने र कर्मचारीहरुको काम अनुसारको प्रतिफल प्रदान गर्नुपर्ने सुझाव दिनुभयो । कर्मचारीहरुको रिटेन्सन कायम गर्न सुझाव दिनुभयो ।
- कम्पनीको नाम तथा साखलाई कायम राख्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

**श्री लवराज जोशी**

- शिखर इन्स्योरेन्स नामझैं बीमा क्षेत्रको शिखरमै रहन सफल भएको र शाखा, बीमा शुल्क तथा बीमालेख संख्यामा अग्रणी स्थानमा रहेकोले शेयरधनीहरु सन्तुष्ट भएको धारणा व्यक्त गर्नुभयो ।
- जुम्लाजस्तो विकट क्षेत्रमा पनि बीमाको विकास गरी स्याउ किसानलाई बीमा दाबी प्रदान गर्न सकेकोमा धन्यवाद प्रदान गर्नुभयो । चितवनमा केरा किसानहरुलाई हालसम्म रु.१४ करोड भन्दा बढीको दाबी भुक्तानी गरेकोमा धन्यवाद दिनुभयो ।
- कृषि बीमा अन्तर्गत तिरिने दाबीले अन्य बीमाको समेत व्यवसाय वृद्धि हुने धारणा व्यक्त गर्नुभयो ।
- कम्पनीका कर्मचारीहरु कम्पनीको मेरुदण्डका रुपमा रहने भएकोले कम्पनीका कर्मचारीहरुको मनोबल तथा उत्पादन क्षमता अभिवृद्धि गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।
- साथै कर्मचारीहरुले पनि इमान्दारीपुर्वक कम्पनीको उन्नतिमा काम गनुपर्ने धारणा व्यक्त गर्नुभयो ।
- महिला संचालकले कम्पनीको विकासमा योगदान पुऱ्याउनु हुनेमा आशावादी रहेको व्यक्त गर्नुभयो ।
- कम्पनीकै शेयरधनीहरुको सुझावमा यस शिखर इन्स्योरेन्सको भवन शिखर विज सेन्टरको निर्माण भएको जानकारी गर्नुभई अन्य प्रदेशहरुमा समेत आफ्नै भवनहरु बनाउँदै जान सुझाव दिनुभयो ।
- कोरोना भाइरस बीमाको व्यवस्थापनमा यस कम्पनी तथा प्रमुख कार्यकारी अधिकृतको योगदानलाई कदर गर्दै धन्यबाद ज्ञापन गर्नुभयो ।
- बोनस शेयर चाँडो भन्दा चाँडो शेयरधनीहरुको खातामा आउने कुरामा विश्वास व्यक्त गर्नुभयो ।
- शिखर इन्स्योरेन्सले राम्रो प्रतिफल दिने विश्वासका कारण नै शेयरधनीहरुले उच्च रकम यस कम्पनीको शेयरमा लगानी गर्दै आएको जानकारी गराउनुभयो ।

**श्री शत्रुघन श्रेष्ठ**

- शिखर इन्स्योरेन्सले शेयरधनीहरुको मन जित्न सफल भएकोले प्रमुख कार्यकारी अधिकृत, संचालक समिति तथा सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो ।
- बीमा क्षेत्रको मुख्य सुचकांकहरुमा शिखर इन्स्योरेन्स अग्रणी स्थानमा रहेकोमा खुसी व्यक्त गर्नुभयो ।
- प्रदेशहरुमा समेत आफ्नै भवन बनाउनुपर्ने धारणा व्यक्त गर्नुभयो ।
- कोरोना भाइरस सक्रमणको बेला बार्षिक साधारण सभा नगरेकोमा धन्यवाद ज्ञापन गर्नुभयो ।
- संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतका खर्चहरु ग्रामिण क्षेत्रमा गर्न अनुरोध गर्नुभयो ।
- नेपाल सरकारलाई उच्च राजश्व दाखिला गरेकोमा खुसी व्यक्त गर्नुभयो ।
- आगामी वर्ष २० देखि ३० प्रतिशत बोनस शेयर प्रदान गर्न अनुरोध गर्नुभयो ।

श्री गुणराज भट्ट

- साधारण सभामा बोल्ने बक्ताहरुलाई समय सिमा कायम गर्न अनुरोध गर्नुभयो ।
- पुर्व वक्ताहरुको सुझावमा समर्थन रहेको कुरा व्यक्त गर्नुभयो ।
- हरेक वर्ष साधारण सभा गर्न सुझाव दिनुभयो । भविष्यमा विषम परिस्थितिमा समेत जुमबाट साधारण सभा गरी आसोज भित्रै साधारण सभा सम्पन्न गर्न सुझाव दिनुभयो ।
- उच्च लाभांस प्रदान गरेकोमा खुसी व्यक्त गर्नुभयो । आगामी वर्षमा पनि उच्च लाभांस प्रदान गर्न अनुरोध गर्नुभयो ।
- कर्मचारीहरु कम्पनीको मेरुदण्ड हुने भएकोले कर्मचारीहरुको क्षमता तथा मनोबल अभिवृद्धि गर्न योजना बनाउन अनुराध गर्नुभयो ।
- अनलाईनबाटै बीमालेख जारी गर्न सकिने व्यवस्था गर्न तथा बीमा क्षेत्रका अन्य समस्याहरुको समाधानको लागि बीमा समिति समक्ष अनुरोध गर्नुभयो ।
- नयाँ कम्पनीहरुसंग मर्ज नगर्न अनुरोध गर्नुभयो । चुक्ता पुँजी वृद्धि गर्न आवश्यक भए हकप्रद शेयर जारी गर्न सकिने तर मर्जमा जान उपयुक्त नहुने धारणा व्यक्त गर्नुभयो ।
- बीमा नगरिएको गाडी सडकमा नगुडाउन जनमानसमा अनुरोध गर्नुभयो ।
- तेस्रो पक्ष बीमाको सिमा वृद्धि गरेर रु.२५ लाख पुऱ्याउनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

श्री उद्धव घिमिरे

- कम्पनीको वित्तीय सुचकाकंहरु राम्रो रहेको धारणा व्यक्त गर्नुभयो ।
- १७ औं वार्षिक साधारण सभा समयमै सम्पन्न गर्नको लागि अडिटरबाट पनि समयमै लेखापरीक्षण सम्पन्न गर्नको लागि अनुरोध गर्नुभयो ।
- साधारण सभामा बोल्ने बक्ताको लागि समय सिमा कायम गर्न अनुरोध गर्नुभयो ।
- ब्यालेन्स सिटको पोर्टफोलियो एकदम राम्रो रहेको धारणा व्यक्त गर्नुभयो ।
- वार्षिक प्रतिवेदनमा नेपालको लिपुलेख लिम्पियाधुरा सहितको नक्सा राख्न अनुरोध गर्नुभयो ।
- सातवटै प्रदेशमा प्रादेशिक कार्यालय स्थापना गर्न अनुरोध गर्नुभयो ।
- विकट जिल्लाहरुमा समेत शाखा विस्तार गर्दै जान अनुरोध गर्नुभयो ।

- हवाई विमा तथा पशुपक्षि बीमामा समेत व्यवसाय विस्तार गर्दै जान अनुरोध गर्नुभयो ।
- जनरल रिजर्भ चुक्तापुँजीको कम्तीमा ५० प्रतिशत कायम हुनुपर्ने धारणा व्यक्त गर्नुभयो ।
- आगामी वर्ष समेत राम्रो लाभांस प्रदान गर्नको लागि अनुरोध गर्नुभयो ।

श्री डमरु बल्लव घिमिरे (जुमबाट सहभागी)

- जुमबाट सहभागी हुने शेयरधनीहरुलाई पनि प्राथयता दिनपर्ने धारणा व्यक्त गर्नुभयो ।
- साधारण सभामा धारणा राख्ने शेयधनीहरुमध्ये उत्कृष्ट वक्तालाई पुरस्कारको व्यवस्था गर्नु पर्ने धारणा व्यक्त गर्नुभयो ।
- आकर्षक प्रतिफल प्रदान गर्नुभएकोमा प्रमुख कार्यकारी अधिकृत तथा संचालक समितिलाई धन्यबाद ज्ञापन गर्नुभयो ।
- बीमा समितिबाट तोकिएको भन्दा बढी पूँजी पुर्याउनु भएकोमा बधाई तथा धन्यवाद ज्ञापन गर्नुभयो ।
- ३० प्रतिशत हकप्रद शेयरको लागि धन्यबाद तथा बधाई ज्ञापन गर्नुभयो ।
- २०७६।७७ को सधारण सभा गर्ने प्रथम कम्पनी भएकोमा धन्यवाद ज्ञापन गर्नुभयो ।
- शिखर इन्स्योरेन्सको शिखर विज सेन्टरको पूर्व पटिटको जग्गा खरिद गर्ने तर्फ पहल गर्न संचालक समितिलाई अनुरोध गर्नुभयो ।
- शेयरमा गरिने लगानीको रकम वृद्धि गर्दै जान अनुरोध गर्नुभयो ।
- नयाँ खुल्ने पुनर्बीमा कम्पनीहरुको प्रोमोटर शेयरमा लगानी गर्नको लागि सुभाव दिनुभयो ।
- वित्तीय विवरणमा पुनर्बीमा कम्पनीको बारेमा जानकारी दिनुभएकोमा धन्यबाद ज्ञापन गर्नुभयो ।
- आगामी साधारण सभा समयमै गर्नका लागि सुभाव प्रदान गर्नुभयो ।

श्री रोजकुमार श्रेष्ठ (जुमबाट सहभागी)

- बीमा क्षेत्रको विकास गर्न शिखर इन्स्योरेन्सको योगदानको लागि धन्यबाद ज्ञापन गर्नुभयो ।

श्री नवराज घिमिरे (जुमबाट सहभागी)

- कम्पनीले प्रदान गरेको प्रतिफलको लागि धन्यबाद दिनुभयो ।
- कम्पनीले छोटो समयमै १०३ वटा शाखा तथा ६०० भन्दा बढी कर्मचारी रहेको र यसले कम्पनीको प्रगति झल्काउने जानकारी गराउनुभयो ।
- १७ औं बार्षिक साधारण सभा समयमै होस भन्ने कामना गर्नुभयो ।

श्रीमती राधा पोखरेल (जुमबाट सहभागी)

जुममार्फत साधारण सभामा सहभागिता जनाउनुभएका श्रीमती राधा पोखरेलज्यूले प्राविधिक कठिनाईका कारण आफ्ना भनाइहरु सभामा राख्न सक्नुभएन ।

श्री रामगोपाल महर्जन

- कम्पनीले प्रदान गरेको लाभांसको लागि धन्यवाद ज्ञापन गर्नुभयो ।
- शेयरमा गरिएको लागानीलाई समयमै बिक्री गर्न सुझाव दिनुभयो ।
- अग्नि बीमामा नाफा कम भएको तर्फ ध्यानआकर्षण गर्नुभयो ।
- कर्मचारीलाई समयसुहाँउदो तालिम प्रदान गर्न सुझाव व्यक्त गर्नुभयो ।
- नयाँ कम्पनीहरुको आगमनले बढेको प्रतिस्पर्धी वातावरणमा कम्पनीको आगामी वर्षको रणनीतिको बारेमा जिज्ञासा व्यक्त गर्नुभयो ।
- आगामी वर्ष समेत राम्रो प्रतिफल प्राप्त हुने कुरामा आशा व्यक्त गर्नुभयो ।

श्री नर्सिङ लाल चंखु (लिखित सुझाव)

- लगानीकर्ताहरुलाई राम्रो प्रतिफल प्रदान गर्नुभएकोमा कम्पनीका व्यवस्थापन तथा संचालक समितिलाई धन्यवाद प्रदान गर्नुभयो ।
- कम्पनीको भिजन, मिसन तथा उद्धेश्यलाई पूर्णता दिन कम्पनी सफल देखिएको तर, व्यवसायिक गतिविधिमा थप सुधार गर्दै जानुपर्ने सुझाव दिनुभयो ।
- शेयरमा गरिएको लगानीलाई समयमै बेचबिखन गरी नाफा आर्जन गर्नुपर्ने सुझाव दिनुभयो ।
- दावी व्यवस्थापन तथा जोखिम व्यवस्थापनमा कम्पनी सचेत देखिएको धारणा राख्नुभयो ।
- आउँदा दिनहरुमा कम्पनीको थप प्रगतिको लागि शुभकामना व्यक्त गर्नुभयो ।

**११. शेयरधनीहरुको जिज्ञासा उपर सभाका अध्यक्ष श्री राजेन्द्र प्रसाद श्रेष्ठज्यूको प्रतिउत्तर :**

शेयरधनी महानुभावहरुले दिनु भएको सल्लाह र सुझावहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्नुहुँदै शेयरधनी महानुभावहरुको जिज्ञासा तथा प्रश्नहरुको जवाफ दिनको लागि कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री दिप प्रकाश पाण्डेलाई अनुरोध गर्नुभयो ।

**शेयरधनीहरुको जिज्ञासा उपर प्रमुख कार्यकारी अधिकृत श्री दिप प्रकाश पाण्डेको प्रतिउत्तर :**

- जनरल रिजर्भ बढाउने सुझाव राम्रो रहेको र सो को लागि कम्पनीको अल्पकालिन तथा दिर्घकालिन योजनाअनुरुप कम्पनी अगाडी बढ्ने जानकारी गराउनुभयो । जनरल रिजर्भ बढाउन प्राप्त सुझावलाई प्रचलित नीति नियम अन्तर्गत रहि अगाडी बढ्ने जानकारी दिनुभयो ।
- कम्पनीले प्रमुख पाँच क्षेत्रमा जोड दिइआएको जसअन्तर्गत नेपाल सरकारलाई राजश्व प्रदान गर्ने, नेपालको पुनर्बीमा क्षेत्रबाट बाहिरिने रकम कम गर्ने, बिमित वर्गलाई समय सुहाँउदो बीमा सेवा तथा सहज रुपमा दावी सेवा प्रदान गर्ने, कर्मचारीहरुको सुनिश्चित भविष्य तथा शेयरधनीहरुलाई उचित प्रतिफल प्रदान गर्ने तर्फ कम्पनी सदैव सचेत रहँदै आएको जानकारी गराउनुभयो ।
- प्रादेशिक रुपमा आफ्नै भवन बनाउँदै जाने योजनाका साथ कम्पनी अगाडी बढ्ने जानकारी गराउनुभयो ।
- मर्जर सम्वन्धमा नियमनकारी निर्देशन लाई मध्यनजर गर्दै अगाडी बढ्ने जानकारी गराउनुभयो ।

इन्स्योरेन्स कं. लि.
काठमाडौं

- एक्जुकिटिभ डाइरेक्टर नियुक्तिका सम्बन्धमा प्रचलित नियम बमोजिम एक्जुकिटिभ डाइरेक्टरको नियुक्ति गर्न नसकिने बारेमा जानकारी गराउनुभयो ।
- शेयरधनीहरुको बीमा गर्ने तर्फ समेत प्रचलित नियमले प्रतिवन्ध गरेको र भविष्यमा निति नियममा परिवर्तन भएमा सोहि बमोजिमले शेयरधनी महानुभावहरुको बीमा कार्यक्रमको सुरुवात गरिने जानकारी गराउनुभयो ।
- कर्मचारीहरुको मनोबल अभिवृद्धि गर्न कर्मचारीहरुलाई नियमित रुपमा तालिम प्रदान गर्दै आएको जानकारी गराउनुभयो ।
- वार्षिक प्रतिवेदनमा मिति तथा संचालकको नाम छुटेको प्रति आगामी दिनमा सुधार गर्दै जाने जानकारी गर्नुभयो ।
- सहकारी संस्थाहरुसंग समन्वय गर्दै समेत कम्पनी अगाडी बढीरहेको जानकारी गराउनुभयो ।
- कम्पनीको दिर्घकालिन उद्धेश्यअनुरुप सामाजिक उत्तरदायित्व अन्तर्गतका खर्चहरु गर्दै आएको जानकारी गराउनुभयो । कम्पनीले गर्ने सामाजिक उत्तरदायित्व अन्तर्गतका खर्चको दिर्घकालिन रुपमा उचित प्रयोग हुने, स्थानिय समुदायले लाभ प्राप्त गर्ने तथा कम्पनीले समेत सो बाट लाभ प्राप्त गर्ने कुरालाई मध्यनजर गर्दै कम्पनीले खर्च गर्दै आएको जानकारी गराउन चाहन्छौं ।
- चुक्ता पुँजीको वृद्धिपश्चात कम्पनीको इपिएस घट्ने कुरामा कम्पनी सचेत रहेको जानकारी गराउनुभयो ।
- बीमालेखको संख्या ४ लाख ५० हजार पुऱ्याउन तथा बीमाशुल्क रु.४ अर्व पुऱ्याउनमा कम्पनी कटिवद्ध भएर अघि बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।
- कम्पनीको साखलाई कायम राख्न कम्पनी निरन्तर प्रयत्नशिल रहने जानकारी गराउनुभयो ।
- वोनस शेयरलाई चाँडो भन्दा चाँडो शेयरधनीको खातामा पठाउनको लागि गृहकार्य गरिसकेको जानकारी गराउन चाहन्छौं ।
- शेयरधनीहरुको लगानीको सुनिश्चिचताको लागि कम्पनी कतिवद्ध भएर लाग्ने जानकारी गराउनुभयो ।
- आगामी साल समयमै साधारण सभा गर्नको लागि कम्पनी कतिवद्ध रहेको जानकारी गराउनुभयो ।
- आगामी वर्ष नेपालको नक्सा सहितको शाखा संजालको विवरण वित्तीय विवरणमा राखिने जानकारी गराउनुभयो ।
- आगामी वर्ष समेत राम्रो लाभांस प्रदान गर्ने तर्फ कम्पनी प्रयत्नशिल रहने जानकारी गराउनुभयो ।
- आगामी वर्षहरुमा कम्पनीको लगानीलाई थप विविधिकरण गर्दै जाने जानकारी गराउनुभयो । लगानीको लागि अलगै विभाग बनाई अगाडी बढ्ने जानकारी गराउनुभयो ।
- शेयरधनी महानुभावहरुले प्रदान गर्नुभएको सल्लाह तथा सुझावको लागि धन्यबाद प्रदान गर्नुभई सल्लाह तथा सुझाव बमोजिम कम्पनी अगाडी बढ्ने जानकारी गराउनुभयो ।

१२. वार्षिक साधारण सभाको निर्णय :

१ सामान्य प्रस्ताव

१.१ आ.व.२०७५।७६ तथा आ.व.२०७६।७७ को संचालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

१.२ आ.व. २०७५।७६ र आ.व.२०७६।७७ को लेखापरीक्षण प्रतिवेदन सहितको वित्तीय विवरणहरु पारित गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

१.३ आ.व.२०७७।७८ को वित्तीय विवरणहरुको लेखापरीक्षणको लागि लेखापरीक्षण समितिबाट लेखापरीक्षकको छनोटका लागि विभिन्न लेखापरीक्षक फर्महरुबाट प्रस्ताव तथा कोटेशन प्राप्त गरी प्राप्त प्रस्तावहरु मध्ये अनुभव तथा प्रस्तावित लेखापरीक्षण शुल्कका आधारमा सिफारिस गरिएका श्री वि.के अग्रवाल एण्ड कम्पनी चार्टड एकाउण्टेन्टस्लाई लेखापरीक्षण शुल्कबापत म.अ.क.बाहेक रु. ४५०,००० ( वित्तीय विवरणको लेखापरीक्षण शुल्कबापत रु.३२५,०००, कर लेखापरीक्षण शुल्क वापत रु.७५,०००, लंग फर्म अडिट रिपोर्ट वापत रु. ५०,००० गरी कुल रु.४५०,०००) भुक्तानी गर्ने गरी आ.व. २०७७।७८ को लेखापरीक्षक नियुक्ति गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

साथै आ.व.२०७६।७७ को वित्तीय विवरणहरुको लेखापरीक्षणका लागि लेखापरीक्षक नियुक्त गरिएका लेखापरीक्षक श्री जि.पि.राजबाहक एण्ड कम्पनी चार्टड एकाउण्टेन्ट्सको नियुक्ति अनुमोदन गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

१.४ संचालक समितिबाट प्रस्ताव गरिएको २०७७ आषाढ मसान्त सम्म कायम शेयर पुंजीमा १.९ प्रतिशत (आ.व. २०७७।७८ मा बाँडफाँड गरिएको हकप्रद शेयर पश्चात कायम हुने शेयर पुंजीमा १.४६२ प्रतिशत हुने) का दरले नगद लाभांश रु.२०,०८८,९०१ (रु.दुई करोड अठासी हजार नौ सय एक मात्र) पारित गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

१.५ सर्वसाधारण शेयरधनीको प्रतिनिधित्व गर्नुहुने संचालक श्री स्कन्द अमात्यज्यूको मिति २०७६।१२।४ मा पदावधि समाप्त भएको र मिति २०७६।११।१५ मा सम्पन्न संचालक समितिको बैठकबाट यस साधारण सभासम्मको लागि पदावधि थप गर्न गरिएको निर्णय तथा संचालक श्री दिनेश बज्र बज्राचार्यज्यूको मिति २०७७।९।७ मा पदावधि समाप्त भएको र मिति २०७७।९।१ मा सम्पन्न संचालक समितिको बैठकबाट यस साधारण सभा सम्मको लागि पदावधि थप गर्न गरिएको निर्णयहरु अनुमोदन गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

१.६ शिखर इन्स्योरेन्स कम्पनी लि.को १५ औं तथा १६ औं वार्षिक साधारण सभाको लागि निर्धारित कार्यक्रम मध्ये संचालक समितिमा सर्वसाधारण शेयरधनी समूह "ख" का शेयरधनीहरुबाट निर्वाचित हुने दुई संचालकका लागि बीमकको संस्थागत सुशासन सम्बन्धि निर्देशिका, २०७५ को अधिनमा रही कम्पनीको संचालक निर्वाचनका लागि प्रकाशित कार्यक्रम अनुसार मिति २०७७।१२।१६ गते दिनको ११:३० बजे देखि १२:३० बजे सम्म उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने समयावधि तोकिएकोमा निर्धारित समयभित्र देहायबमोजिमको उम्मेदवारी दर्ता भएको बारे निर्वाचन अधिकृत श्री शेखर कुमार अर्यालज्यूले जानकारी गराउनु भयो ।

उम्मेदवारको नाम तथा ठेगाना

क. दिनेश बज्र बज्राचार्य : का.जि.का.म.न.पा. वडा नं.२७

ख. स्कन्द अमात्य : का.जि.का.म.न.पा. वडा नं.१७

शिखर इन्स्योरेन्स कं. लि. काठमाडौं

उपरोक्तानुसार दर्ता हुन आएका उम्मेदवारहरुको नामावली उपर निर्वाचन कार्यक्रम अनुरुप तोकिएको समयमा कुनै दावी विरोध पर्न नआएको र उम्मेदवारहरुले मनोनयन फिर्ता लिन निर्धारित समयावधिभित्र कुनै उम्मेदवारले नाम फिर्ता लिनु नभएको समेत निर्वाचन अधिकृत श्री शेखर कुमार अर्यालले सभामा जानकारी गराउनु भयो ।

निर्वाचन गराउनु पर्ने संख्या दुई रहेको र उम्मेदवारी परेको संख्या निर्धारित संख्या दुई भन्दा बढी नरहेको कारण सर्वसाधारण शेयरधनी समुह "ख" का लागि तोकिएको निर्वाचन कार्यक्रम बमोजिम उम्मेदवारीका लागि मनोनयन पत्र दर्ता गर्नु हुने देहायका उम्मेदवारहरु शिखर इन्स्योरेन्स कम्पनी लि.को संचालकमा निर्विरोध निर्वाचित हुनु भएको घोषणा निर्वाचन अधिकृत श्री शेखर कुमार अर्यालले सभामा जानकारी गराउनु भयो ।

निर्वाचित उम्मेदवारको नाम तथा ठेगाना

क. दिनेश बज्र बज्राचार्य : का.जि.का.म.न.पा. वडा नं.२७

ख. स्कन्द अमात्य : का.जि.का.म.न.पा. वडा नं.१७

निर्वाचित संचालक महानुभावहरुलाई निर्वाचन अधिकृत श्री शेखर कुमार अर्यालज्यूले प्रमाणपत्र हस्तान्तरण गर्नु भई कार्यकालको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

## २ विशेष प्रस्ताव

२.१ सञ्चालक समितिबाट प्रस्ताव गरिएको २०७७ आषाढ मसान्त सम्म कायम शेयर पुँजीमा ३६.१ प्रतिशत (आ.व. २०७७/७८ मा बाँडफाँड गरिएको हकप्रद शेयर पश्चात कायम हुने शेयर पुँजीमा २७.७६९ प्रतिशत हुने) का दरले रु.३८१,६८९,१२७ (अठतीस करोड सोह्र लाख उनन्नब्बे हजार एक सय सत्ताइस मात्र) को बोनस शेयर पारित गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो । बोनस शेयर बितरण गर्दा खण्डित शेयरको हकमा माथिल्लो नजिकको अंकमा परिणत गर्ने र सो गर्दा शेयर स्वामित्व (पुँजी प्रतिशत) कायम राख्ने गरी जारी पुँजी तथा चुक्ता पुँजी संसोधन गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो । यसरी शेयर संख्या थपघट गर्ने अधिकार संचालक समितिलाई दिने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

२.२ कम्पनीको अधिकृत पुँजी वृद्धि गरी रु.४,०००,०००,००० (रु.चार अर्व) पुऱ्याउने निर्णय सर्वसम्मतिबाट पारित गरियो । सोहि बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

२.३ प्रस्तावित बोनस शेयर पश्चात कायम हुने कम्पनीको चुक्ता पुँजीमा संस्थापक शेयरधनीको हिस्सा ६० प्रतिशतबाट ५१ प्रतिशत र सर्वसाधारण शेयरधनीको हिस्सा ४० प्रतिशतबाट ४९ प्रतिशत पुऱ्याई संस्थापक शेयर तथा सर्वसाधारण शेयरको अनुपात ५१:४९ कायम गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो । सोहि बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

२.४ कम्पनीको निम्न उद्धेश्यहरु बमोजिम यस साधारण सभाबाट निर्णय भएको बोनस शेयर पश्चात कायम हुने कम्पनीको चुक्ता पूँजीको ३० (तीस) प्रतिशत हकप्रद शेयर जारी गर्ने निर्णय

शिखर इन्स्योरेन्स कं. लि. * काठमाडौं *

सर्वसम्मतिबाट पारित गरियो । सोहि बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संसोधन गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

हकप्रद शेयर जारी गर्नुपर्ने कारण सहित पूंजी बृद्धिको उद्येश्य :

- कम्पनीको सोल्भेन्सी अनुपातलाई थप सुदृढ गरी कम्पनीको व्यवसाय वृद्धिमा टेवा पुऱ्याउने ।
- कम्पनीको व्यवसायमा भइरहेको वृद्धि अनुसार कम्पनीले ठुला जोखिमहरु तथा ठुला सम्पत्तिहरुको बीमा गर्दा आफ्नो धारण क्षमताको विकास गर्न कम्पनीको नेटवर्थलाई थप वृद्धि गर्ने ।
- कम्पनीले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न ।
- कम्पनीको प्रबन्धपत्रमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि कम्पनीको संस्थाको शाखा विस्तार गरी कारोबार वृद्धि गर्न आवश्यक पूँजी जुटाउन र
- कम्पनीको पूँजीकोषलाई मजबुत तुल्याइ राख्न

हकप्रद शेयरको जारी पश्चात प्राप्त हुने पुंजी परिचालन तथा उपयोग गर्ने क्षेत्रहरु :

| सि.न. | लगानी शिर्षक |
|---|---|
| १ | बैंक तथा वित्तिय संस्थाको मुद्दती निक्षेप |
| २ | पब्लिक कम्पनीको साधारण शेयर |
| ३ | पब्लिक कम्पनीको ऋणपत्र |
| ४ | अन्य पूर्वाधार क्षेत्र |

२.५ कम्पनीले आ.व.२०७५।७६ र आ.व.२०७६।७७ मा गरेको चन्दा तथा सामाजिक उत्तरदायित्व अन्तर्गतका खर्चहरु अनुमोदन गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

२.६ प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र सो कार्य सम्पन्न गर्न संचालक समितिलाई आवश्यक सम्पूर्ण अधिकार प्रत्यायोजन गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो । संसोधित प्रवन्धपत्र तथा नियमावली अभिलेख वा स्वीकृत गर्ने निकायबाट कुनै फेरबदल गर्न निर्देशन प्राप्त भएमा सो अनुसार फेरबदल गर्न संचालक समितिलाई पुर्ण अख्तियारी प्रदान गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

**१३. धन्यवाद ज्ञापन**

कम्पनीको पन्ध्रौं तथा सोह्रौं वार्षिक साधारण सभाको सम्पुर्ण विषयहरुमा छलफल भई आवश्यक निर्णय भएको र अन्य छलफलका विषय नभएकोले अध्यक्षज्यूले सभामा उपस्थित हुनु भई आ-आफ्ना प्रश्न, जिज्ञासा, मन्तव्य तथा सुझावहरु व्यक्त गरी पन्ध्रौ तथा सोह्रौं वार्षिक साधारण सभा सम्पन्न गर्न सहयोग पुऱ्याउनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु तथा आमन्त्रित महानुभावहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

सुरज राजवाहक
कम्पनी सचिव

राजेन्द्र प्रसाद श्रेष्ठ
अध्यक्ष